मिति: २०८३ मंसिर १०

श्रीमान् प्रहरी महानिरीक्षक डा. मनोज केसीज्यू
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल, काठमाडौं।

विषय: मलेसिया बायोमेडिकल प्रकरण र इनम सापकोटा मोबाइल प्रकरणमा निष्पक्ष अनुसन्धान तथा दर्ता जाहेरीमाथि कारबाहीको माग।

महोदय,

जेनजी मुभमेन्ट नेपालको तर्फबाट राज्यको कानुनी जवाफदेहिता, प्रहरी संगठनको संस्थागत निष्पक्षता र कानुनको समान कार्यान्वयनसँग जोडिएका दुई गम्भीर प्रकरणमा यहाँको ध्यानाकर्षण गराउन चाहन्छौं।

१. मलेसिया बायोमेडिकल प्रकरण र डीपी अर्यालको कार्यकाल

मलेसिया जाने नेपाली श्रमिकबाट स्वास्थ्य परीक्षण तथा बायोमेडिकल सेवाका नाममा अतिरिक्त शुल्क असुली गरी करिब १ अर्ब ६९ करोड रुपैयाँ बराबरको विदेशी मुद्रा अपचलन भएको भनिएको प्रकरणमा तत्कालीन श्रममन्त्रीहरू शेरबहादुर कुँवर र रामेश्वर राय यादवसहित विभिन्न व्यक्तिमाथि अनुसन्धान अघि बढेको सार्वजनिक भएको छ।

तर सार्वजनिक सञ्चारमाध्यममा आएका विवरणअनुसार तत्कालीन श्रममन्त्री तथा वर्तमान सभामुख डोलप्रसाद (डीपी) अर्यालको कार्यकालमा पनि करिब ७ करोड २९ लाख रुपैयाँ बराबरको रकम मलेसिया पठाइएको दाबी गरिएको छ।

एउटै प्रकृतिको प्रकरणमा अन्य मन्त्री तथा अधिकारीमाथि अनुसन्धान हुने तर डीपी अर्यालको कार्यकालसँग जोडिएका निर्णय, पत्राचार र रकम प्रवाहबारे अनुसन्धान नहुने हो भने यसले अनुसन्धानको निष्पक्षतामाथि गम्भीर प्रश्न उठाउँछ। पद र राजनीतिक हैसियतका आधारमा कसैले उन्मुक्ति पाउनु हुँदैन।

२. इनम सापकोटा मोबाइल प्रकरण र कुमार बेनविरुद्ध दर्ता जाहेरीको अवस्था

इनम सापकोटाको मोबाइल प्रहरी नियन्त्रणमा रहेको अवस्थामा फरेन्सिक परीक्षणअघि प्रधानमन्त्री कार्यालय हुँदै प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार कुमार बेन (कुमार व्यञ्जनकार) को

CamScanner

निवाससम्म पुगेको, मोबाइलमा डिजिटल गतिविधि भएको, स्क्रिनसट लिइएको तथा केही सन्देश मेटाइएको भन्ने विवरण सार्वजनिक भएका छन्।

यस प्रकरणमा हामीले कुमार बेनसहित सम्बन्धित व्यक्तिहरूमाथि अनुसन्धान र कानुनी कारबाहीको माग गर्दै काठमाडौं प्रहरी परिसरमा विधिवत् जाहेरीसमेत दिइसकेका छौं।

तर अनुसन्धानको प्रगति, सम्बन्धित व्यक्तिहरूसँग गरिएको सोधपुछ, डिजिटल प्रमाणको परीक्षण र अनुसन्धानको अवस्थाबारे कुनै स्पष्ट जानकारी प्राप्त हुन सकेको छैन।

हामो सीधा प्रश्न छ– अनुसन्धान रोकिएको हो वा कुनै राजनीतिक दबाब र प्रभावका कारण प्रक्रिया प्रभावित भइरहेको छ?

प्रहरी नियन्त्रणमा रहेको मोबाइल कसको आदेशमा र कुन कानुनी आधारमा बाहिर लगियो? त्यस अवधिमा मोबाइल कसको पहुँचमा थियो? डिजिटल प्रमाणमा परिवर्तन वा मेटाउने कार्य भएको हो भने त्यसमा को-को संलग्न थिए? यी प्रश्नको जवाफ अनुसन्धानबाट स्थापित हुनुपर्छ।

कुमार बेन प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार हुन् भन्दैमा अनुसन्धानबाट उन्मुक्ति पाउने आधार हुन सक्दैन। जाहेरीमाथि कानुनबमोजिम अनुसन्धान गर्नु प्रहरीको जिम्मेवारी हो, कसैको राजनीतिक हैसियत हेरेर निर्णय गर्नु होइन।

३. नेपाल प्रहरीको संस्थागत स्वतन्त्रता र राजनीतिक निष्पक्षतामाथि प्रश्न

महोदय, यहाँ एउटा आधारभूत प्रश्न उठाउन चाहन्छौं–नेपाल प्रहरी सरकार र राष्ट्रिय स्वतन्त्र पार्टीको संगठन हो कि संविधान र प्रचलित कानुनअनुसार कानुन कार्यान्वयन गर्ने व्यावसायिक तथा निष्पक्ष सुरक्षा निकाय हो?

नेपाल प्रहरी कुनै प्रधानमन्त्री, मन्त्री वा राजनीतिक दलको निजी संगठन होइन। प्रहरीको जिम्मेवारी सत्तामा रहेका व्यक्तिको स्वार्थ रक्षा गर्नु होइन, कानुनको शासन कायम गर्नु हो।

के नेपाल प्रहरीले फेरि पुरानै राजनीतिक परिपाटीलाई निरन्तरता दिन खोजेको हो? के प्रहरी संगठन सत्ताको चम्चागिरी र राजनीतिक निकटताका आधारमा अनुसन्धान गर्ने, कसैलाई संरक्षण गर्ने र कसैलाई कारबाही गर्ने प्रवृत्तिमै सीमित हुन खोजेको हो?

हिजोका सरकारका पालामा प्रहरीमाथि राजनीतिक हस्तक्षेपका प्रश्न उठ्थे। आज नयाँ राजनीतिक शक्ति सत्तामा पुगेपछि पनि त्यही प्रवृत्ति दोहोरिने हो भने परिवर्तनको अर्थ के रहन्छ?

CamScanner

प्रहरीको निष्ठा कुनै राजनीतिक दलप्रति होइन, संविधान, कानुन र नागरिकप्रति हुनुपर्छ। प्रहरीको व्यावसायिकता सत्ताको निकटताबाट होइन, निष्पक्ष अनुसन्धान र कानुनको समान कार्यान्वयनबाट प्रमाणित हुन्छ।

हाम्रा मागहरू:

१. डीपी अर्याल श्रममन्त्री रहेको कार्यकालमा भएको मलेसिया बायोमेडिकलसम्बन्धी सम्पूर्ण निर्णय, पत्राचार, भुक्तानी र रकम विदेश पठाइएको प्रक्रियाको निष्पक्ष अनुसन्धान गरियोस्।

२. कुमार बेनविरुद्ध काठमाडौं प्रहरी परिसरमा दर्ता गरिएको जाहेरीमाथि तत्काल कानुनबमोजिम अनुसन्धान अघि बढाई हालसम्मको प्रगति र कारबाहीबारे लिखित जानकारी उपलब्ध गराइयोस्।

३. इनम सापकोटाको मोबाइल प्रकरणमा कुमार बेनसहित आरोप जोडिएका सबै व्यक्तिको भूमिकामाथि निष्पक्ष अनुसन्धान गरियोस्।

४. मोबाइलको फरेन्सिक परीक्षण, मेटाइएको सामग्री, मेटाडेटा, डिजिटल गतिविधि तथा मोबाइलको पहुँच विवरण सुरक्षित गरी विज्ञ टोलीबाट परीक्षण गरियोस्।

५. दुवै प्रकरणमा राजनीतिक दबाब र हस्तक्षेपबिना अनुसन्धान गरियोस्। प्रमाण नष्ट गर्ने, लुकाउने वा अनुसन्धान प्रभावित पार्ने कार्य पुष्टि भए संलग्नलाई कानुनअनुसार कारबाही गरियोस्।

६. नेपाल प्रहरीले दुवै प्रकरणमा अनुसन्धानको अवस्था, अपनाइएको प्रक्रिया र आगामी कारबाहीबारे सार्वजनिक रूपमा जवाफदेहिता कायम गरोस्।

अन्त्यमा, प्रहरी महानिरीक्षकज्यूलाई हाम्रो प्रश्न छ–नेपाल प्रहरी सत्ताको संरक्षण गर्ने संयन्त्र हो कि नागरिकको न्याय र कानुनको शासन सुनिश्चित गर्ने संस्था?

कुमार बेनविरुद्ध जाहेरी दर्ता भइसकेको छ। अब अनुसन्धान किन भइरहेको छैन भन्ने प्रश्नको जवाफ जनताले पाउनुपर्छ। डीपी अर्यालको कार्यकालसँग जोडिएका सार्वजनिक प्रश्नमाथि पनि समान कानुनी प्रक्रिया अघि बढ्नुपर्छ।

हामी कुनै व्यक्तिलाई पूर्वाग्रहका आधारमा दोषी घोषणा गर्न माग गर्दैनौं। तर प्रमाणका आधारमा अनुसन्धान, निष्पक्ष सुनुवाइ र दोष प्रमाणित भए कानुनअनुसार कारबाही हुनुपर्छ।

CamScanner

सत्ता अस्थायी हो, संस्था स्थायी हो। सरकार र राजनीतिक दल परिवर्तन भइरहन्छन्, तर प्रहरीको निष्ठा संविधान र कानुनप्रति हुनुपर्छ। आफ्ना र पराइका लागि फरक कानुन चल्ने व्यवस्था स्वीकार्य छैन।

कानुनभन्दा माथि कोही छैन–न प्रधानमन्त्री, न सभामुख, न राजनीतिक सल्लाहकार र न कुनै राजनीतिक दल।



विजय शाह

प्रवक्ता

जेनजी मुभमेन्ट नेपाल

9865907780/genzmovementn@gmail.com

CamScanner